**Humanities and Social Sciences Journal**
2024; Volume 16, Numbers 1-2: 125-133
https://rrlc.tu.edu.np
doi: https://doi.org/10.3126/hssj.v16i1-2.87409
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project
Management Committee (RMC)

# ब्रह्मबोध कवितामा ब्रह्मवाद

**गुरुङ सुशान्त**
उपप्राध्याक, नेपाली
विश्वभाषा क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं, नेपाल ।
ईमेल : grgsushanta3@gmail.com

**To cite this article:** सुशान्त Sushanta ग .G. (2024). ब्रह्मबोध कवितामा ब्रह्मवाद. *Humanities and Social Sciences Journal*, *16*(1-2), 125–133. https://doi.org/10.3126/hssj.v16i1-2.87409

**Received:** January 9, 2025; **Accepted:** November 7, 2025; **Published:** December 14, 2025

## लेखसार

प्रस्तुत लेख कवि गोन्दिराज विनोदीद्वारा रचित 'ब्रह्मबोध' कवितामा अभिव्यक्त ब्रह्मवादको विश्लेषणमा र मूल्याङ्कनमा केन्द्रित रहेको छ। 'ब्रह्मबोध' कवितामा विम्ब, अलङ्कार र प्रतीकका माध्यमबाट अभिव्यञ्जित दर्शन, अस्शिङ्कर र कलाको अध्ययन गर्नु यस लेखको उद्देश्य हो । यसको सैद्धान्तिक ढाँचाको रचना गर्दा पूर्वीय चिन्तन परम्परामा रहेको अद्वैत चिन्तनको ब्रह्मवादलाई आधारमा मानिएकाले यो लेख प्रायोगिक, विश्लेषणात्मक र गुणात्मक प्रकृतिको रहेको छ । यस लेखमा पूर्वीय वेदान्त दर्शनको सङ्क्षिप्त चर्चा गर्दै आत्मालाई सत्य र जगत्लाई मिथ्या मान्ने ब्रह्मवादका आधारमा कवि विनोदीको 'ब्रह्मवाद' को व्याख्या-विश्लेषण गरिएको छ । यस क्रममा पूर्वीय वेदान्त दर्शनको समेत सङ्क्षिप्त चर्चा गरिएको छ। प्रस्तुत लेखमा 'ब्रह्मबोध' कवितामा दार्शनिकता, अस्शिङ्करबोध र कला पक्ष कसरी प्रस्तुत भएको छ भन्ने समस्यालाई केन्द्रमा राखिएको छ । यसको समाधानार्थ पूर्वीय दर्शनको ब्रह्मवादलाई सैद्धान्तिक आधार बनाई यी तीनै युक्तिलाई केलाइएको छ। यस कवितामा ब्रह्मबोध भइसकेपछि कुनै पनि सुख र दुःखको भुमरीबाट मुक्त भई लोभ तथा लाभका घेराबाट स्वतन्त्र र निर्मल अवस्थाको अनुभूति हुने कुरालाई नै मुख्य रूपमा छन्दमय ढङ्गले स्पष्ट पारिएको छ । भ्रमपूर्ण वस्तुको बिगबिगी रहेको भौतिक संसारमा आत्माको यथार्थ रूपलाई पहिचान गरिसकेपछि ती सारा भ्रमको जालोबाट पनि मुक्ति पाइने आशय व्यक्त गरिएको यो कविता नेपाली दार्शनिक कविताको परम्परामा उल्लेखनीय रहेको निष्कर्ष लेखको अन्तमा प्रस्तुत गरिएको छ।

*शब्दकुञ्जी :* दर्शन, अस्शिङ्करबोध, ब्रह्मवाद, आत्मा, अद्वैतवाद, वेदान्त

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय गोविन्दराज विनोदीद्वारा लेखिएको छोटो कविता 'ब्रह्मबोध' मा अभिव्यञ्जित ब्रह्मवादको विश्लेषण र मूल्याङ्कन रहेको छ । ब्रह्मवाद पूर्वीय दर्शन परम्परा विमर्शमा आइरहने आध्यात्मिक दर्शन हो । पूर्वीय दर्शनको सुदीर्घ आत्मावादी/ब्रह्मवादी चिन्तन परम्परामा रहस्यवादी चिन्तन हाबी छ। दर्शनले जीव-जगतका अप्ठ्यारा मानिएका र रहस्यका रूपमा रहेका पक्षलाई व्याख्या गर्ने र सैद्धान्तिकीकरण गर्ने काम गर्दछ । पौरत्स्य दर्शन मुख्यतः आत्मवादी चिन्तन र पाश्चात्य दर्शन भौतिकवादी चिन्तनको जगमा उभिएको छ। पौरत्स्य दर्शनका विभिन्न चिन्तन प्रणालीमध्ये ब्रह्मबाद

एक प्रमुख चिन्तन प्रणाली हो । ब्रह्मवाद आत्मालाई केन्द्र मान्ने सिद्धान्त हो, जसलाई वेदान्त दर्शन पनि भनिन्छ ।

वि.सं. २०१० मा रूपाकोट कास्कीमा जन्मिएका कवि गोविन्दराज विनोदीले केही समीक्षा लेखे पनि उनी मूलतः काव्य विधामा केन्द्रित छन् । उनका *मेरो वर्तमान* (२०४७), *निर्मम घडीहरू* (२०५६), *आँखाका नानी* (२०५७), *छन्द विनोद* (२०५९) *अविश्रान्त* (२०५९), *हिमस्पर्श* (२०६६), *अनुपमा धर्ती* (२०६६), *नानीका गीत* (२०६९) जस्ता काव्यकृतिमा उनका कवित्वको शक्ति देखिन्छ । प्राध्यापन पेसामा संलग्न कवि विनोदी प्रायः छन्दमा कविता लेख्छन् । बालकविता लेखनमा पनि सक्रिय विनोदीका काव्यमा आदर्शवादी चेतनाको सघनता देखिन्छ । विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न विनोदीले सामाजिक समस्या र विसङ्गतिका विविध पाटाहरूलाई आफ्नो कवितामा प्राथमिकता दिएका छन् भने उनले प्रकृति चित्रणमा उत्तिकै जोड दिएका छन् । लगभग चार दर्जन मान-सम्मान तथा पुरस्कार पाएका विनोदी साहित्यलाई सत्याश्रित सुन्दर कल्पना, अनुभूतिको निश्चल एवम् कलात्मक उच्छलनको रूपमा लिन्छन् भने जीवनलाई फूलजस्तै सुन्दर र क्षणिक ठान्दछन् । *चरैवेति* (२०६८, माघ-चैत्र) साहित्यिक त्रैमासिकमा प्रकाशित चौध हरफे कविता 'ब्रह्मबोध' मा भौतिक जगत्को क्षणिक आनन्दमा रमाउनुभन्दा निराकार ब्रह्मको बोध गरेर आध्यात्मिक शान्तिमा पुग्नु उत्तम हुने कुरामा जोड दिइएको छ । जीवनको लामो घामपानी भोगेका कविको कलमबाट ब्रह्मवादी कविता जन्मनु स्वाभाविक पनि देखिन्छ । कवितामा आत्मवादी चिन्तनलाई साङ्गोपाङ्ग रूपमा चिनाइएको छ । ब्रह्मवाद या अद्वैत दर्शनबारे विभिन्न लेखक समालोचनात्मक लेख तथा पुस्तक लेखे पनि गोविन्दराज विनोदीको 'ब्रह्मबोध' कवितामा अभिव्यक्त दार्शनिकता, अस्शिङ्करबोध र कला पक्षबारे हुनुपर्ने अध्ययन चाहिँ रिक्त नै देखिन्छ । यस कवितामा अभिव्यक्त दर्शन र अस्शिङ्करचेतले प्राज्ञिक विमर्शको माग गर्दछ । त्यसैले 'ब्रह्मबोध' कवितामा दर्शन र अस्शिङ्करचेत कसरी उद्घाटन भएको छ भन्ने प्राज्ञिक जिज्ञासा सिर्जना भएको छ । यसै जिज्ञासाको समाधानका निम्ति प्रस्तुत अध्ययनमा 'ब्रह्मबोध' का अभिव्यक्त ब्रह्मवादका विभिन्न आयाम पहिल्याई तिनका आधारमा उक्त कविताको विश्लेषण तथा मूल्याङ्कन गर्ने उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित छ । त्यसका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ । तीमध्ये गोविन्दराज विनोदीको 'ब्रह्मबोध' कविता प्राथमिक सामग्री हो भने ब्रह्मसम्बन्धी दर्शन र पूर्वकार्य द्वितीयक सामग्री हुन् । सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । पूर्वीय दर्शनको ब्रह्मवाद विश्लेषणको सैद्धान्तिक आधार हो । त्यस सिद्धान्त र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । ब्रह्मवाद यस अध्ययनको मुख्य अवधारणा हो र दार्शनिकता, अस्शिङ्करबोध र कलात्मकता त्यसका सूचक हुन् । यसै आधारमा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र आगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको निष्कर्षलाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक आधार

ब्रह्मवाद पूर्वीय दर्शनमा आधारित आध्यात्मिक दर्शन हो । मानव सभ्यताको विकाससँगै जीवन र जगत्लाई हेर्ने आ-आफ्नै कोण विकसित भएका छन् । दर्शनले मानव व्यवहारलाई अर्थपूर्ण बनाउन सहयोग पुऱ्याउँदछ । पूर्वीय दर्शनमा आत्मवादी/ब्रह्मवादी चिन्तन परम्परा बलियो र सुदीर्घ देखिन्छ । यो दर्शन वैज्ञानिक नभएर रहस्यवादी भएकै कारण बढी आकर्षक लाग्दछ किनकि पूर्वीय समाज-मनोविज्ञानमा रहस्यवादी चिन्तन हाबी छ । वर्तमान विश्वको वैचारिक बहाव हेर्दा सतही रूपमा के भान हुन्छ भने आस्तिक भावको उद्गम पूर्वीय दर्शन हो अनि नास्तिक भावको उद्गम पाश्चात्य दर्शन हो कि ! तर, यथार्थमा के हो भने दुवै भावको जनक पूर्वीय दर्शन हो (उपाध्याय, २०७०, पृ. ३९) । दर्शनको उद्देश्य

जीवन तथा जगत्का बारेमा सही दृष्टिकोण निर्माण गर्ने नै हुनु पर्दछ (सिंह, २०६८, पृ.३४) । दर्शनले जीव-जगतका अप्ठ्यारा मानिएका र रहस्यका रूपमा रहेका पक्षलाई व्याख्या गर्ने र सैद्धान्तिकीकरण गर्ने काम गर्दछ ।

मानव चेतना सदा जिज्ञासु रहिआएको छ र यसले सदैव वास्तविकताको जानकारी हासिल गर्ने प्रयत्न गर्दै आएको छ । त्यसै क्रममा मानिसले जीवन र जगत्लाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने दृष्टिकोण तथा प्रकृति र मानव समाज एवम् चिन्तनका चालक नियमहरूको अध्ययन गर्ने पद्धतिको विकास गरेको छ (भुसाल, २०६८ क, पृ. १३) । कुनै पनि व्यक्ति वा समाजको आ-आफ्नै जीवन दर्शन हुन्छ । दर्शनको उत्पत्तिको प्रमुख कारण हो, दुःखको आत्यान्तिक एवम् ऐकान्तिक निवृत्ति अथवा स्थायी शाश्वत् सुख-आनन्दको प्राप्ति विषयक जिज्ञासा (भट्ट, २०६८, पृ. २३५) । दर्शनको विषयवस्तु मूलतः दुईवटा छन् । पहिलो पदार्थ र दोस्रो चेतना (शर्मा र गुरागाईं, २०६९, पृ. १६) । विषयगत मौलिकता र भौगोलिकताका आधारमा दर्शनलाई पौरत्स्य दर्शन र पाश्चात्य दर्शन भनेर विभाजन गरिएको पाइन्छ । पौरत्स्य दर्शन मुख्यतः आत्मवादी चिन्तन र पाश्चात्य दर्शन भौतिकवादी चिन्तनको जगमा उभिएको छ । पौरत्स्य दर्शनका विभिन्न चिन्तन प्रणालीमध्ये ब्रह्मबाद एक प्रमुख चिन्तन प्रणाली हो ।

ब्रह्मवाद आत्मालाई केन्द्र मान्ने सिद्धान्त हो, जसलाई वेदान्त दर्शन पनि भनिन्छ । उपनिषद्मा गएर वैदिक साहित्यको शृङ्खला अन्त्य भएको मानिएकाले उपनिषद्लाई दार्शनिक रूपमा वेदान्त मानिएको हो । वेदको ज्ञान काण्डलाई वेदान्त भनिन्छ, किनभने योभन्दा माथिल्लो अनुभूतिको संसार छैन भन्ने मानिन्छ (महाराज, २०६९, पृ. ४४) । 'वेदान्त' भन्नाले *उपनिषद्, वादरायणको ब्रह्मसूत्र र भगवद्गीता*मा व्यक्त दार्शनिक विचारमा आधारित दर्शन विशेष भन्ने बुझिन्छ (सिन्हा, सन् २०१२, पृ.२९४) । वेदान्त दर्शनको प्रमुख प्रश्न हो - जीव र ब्रह्मको सम्बन्ध के हो ? ब्रह्म र जीवको सम्बन्धलाई लिएर शङ्कर, रामानुज, मध्वाचार्य, बल्लभाचार्य, निम्बार्क आदिले फरक-फरक मत राखेका छन्, जसलाई पृथक् सम्प्रदाय नै मानिन्छ । शङ्करको मतानुसार जीव र ब्रह्म दुई चीज होइनन्, यी वस्तुतः अद्वैत छन् । यसैले शङ्करको दर्शनलाई अद्वैतवाद भनिन्छ । रामानुजले विभिन्न रूपमा अद्वैतको समर्थन गरेका छन् । त्यसैले उनको मतलाई विशिष्टाद्वैत भनिन्छ । मध्वाचार्य जीव तथा ब्रह्मलाई दुई फरक अस्शिङ्करमा स्वीकार्छन् । अतः उनको मतलाई द्वैतवाद भनिन्छ । निम्बार्कको अनुसार जीव र ब्रह्म कुनै दृष्टिले दुई हुन्, कुनै दृष्टिले होइनन् । अतः उनको विचारलाई द्वैताद्वैत मानिन्छ (सिन्हा, सन् २०१२, पृ. २९५) । निम्बार्कको मतलाई दार्शनिक जग मानेर आफ्ना विचार सम्प्रेषण गर्ने धारा पनि बलियो नै देखिन्छ ।

ऋग्वेदको समयमा अद्वैतको भाव प्रकाशमा आयो र उपनिषद्ले त्यस नित्य आत्माको तर्कसङ्गत व्याख्या गर्ने काम आफ्नो जिम्मामा लियो (राधाकृष्णन्, २०१०, पृ. १३३) । वेदान्तका जति पनि सम्प्रदाय छन्, ती सबै दर्शनमध्ये शङ्कराचार्यको अद्वैत दर्शनलाई सर्वश्रेष्ठ मानिन्छ । आलोचनात्मक र सिर्जनात्मक प्रतिभाको समान प्रयोगका कारण शङ्करको दर्शनलाई भारतीय दर्शनको चमक मानिन्छ । स्पीनोजा र ब्रेडलेको दर्शनमा शङ्करको प्रतिध्वनि पाइन्छ भने रवीन्द्रनाथ टैगोर, डा. राधाकृष्णन अरविन्द, स्वामी विवेकानन्द आदि दार्शनिकमा पनि कुनै न कुनै रूपको प्रभाव रहेको मानिन्छ । म्याक्समूलरका अनुसार सम्पूर्ण शाङ्कर वेदान्तलाई यस श्लोकमा बुझ्न सकिन्छ - ब्रह्म सत्यं जगन्मिथ्या जीको ब्रह्मैव नापर : अर्थात् ब्रह्म नै एक मात्र सत्य हो । जगत् मिथ्या हो जीव र ब्रह्म अभिन्न छन् । शङ्कराचार्यका अनुसार सर्वोच्च परमार्थ सत्य भनेको ब्रह्म हो (ज्ञवाली, २०६८, पृ. ३२७) । संसारका अन्तिम सत्य दुई नभई एकै छ भन्नु नै ब्रह्मवादको शक्ति हो, जसले ब्रह्मबाहेकका सबैलाई असत्य ठान्दछ । सांसारिक वस्तुलाई वास्तविक ठान्ने अज्ञान र अनित्यलाई नित्य ठान्ने मिथ्याज्ञान, जसलाई माया भनिन्छ, त्यसबाट नै दुःखका मुहानहरू खुल्दछन् । यदि ब्रह्मको एकत्व स्वरूपबारेका ज्ञानले जीवनलाई हेर्ने हो भने यो जीवन सुखमय छ भन्ने सन्देशको केन्द्रीय तत्त्व नै ब्रह्मवादको सामर्थ्य हो ।

बाहिर-भित्र सर्वत्र व्याप्त भएर ब्रह्मले सम्पूर्ण जगत्लाई प्रकाशित गर्दछ भन्ने मानिन्छ (पन्त, २०६२, पृ.८५) तर ब्रह्म के हो ? के होइन ? उत्तर खोज्न पनि कठिन छ । शाङ्कर वेद्वान्तअनुसार ब्रह्म त्यस्तो वस्तु हो, जसलाई शब्दका पङ्क्तिहरूले प्रकाश पार्न कठिन हुन्छ । 'ब्रह्म' लाई जान्न सकिदैंन, बुझ्नु पर्दछ । ब्रह्मलाई जान्न नसकिएजस्तै यसको स्वरूपलाई चिन्न पनि गाह्रो छ । ब्रह्म सत् छ, असत् होइन । ब्रह्मको अस्तिङ्कर छ । ब्रह्म जडस्वरूप नभई ब्रह्म चेतन छ, आनन्दमय छ, दुःखस्वरूप होइन, सच्चिदानन्दस्वरूप छ । ब्रह्म दिक् र कालको दायराभन्दा माथि र सजातीय, विजातीय र स्वगत भेदभन्दा पर छ । त्यसैले भेदरहित छ । ब्रह्म नैर्गुण्य भए पनि शून्यचाहिँ होइन । ब्रह्ममा आत्मा र अनात्माको भेद रहँदैन र माया ब्रह्ममा नै रहन्छ, तर पनि ब्रह्म मायाबाट प्रभावित हुँदैन । शङ्करका अनुसार आत्मा र ब्रह्म एकै वस्तुका दुई नाम हुन् ।

वैशेषिक दर्शनअनुसार आत्मा केवल सत् (अस्तिङ्करवान्) छ । योग दर्शनअनुसार आत्मा सच्चित् छ भने वेदान्त दर्शनअनुसार आत्मा सच्चिदानन्द स्वरूप छ । शङ्करको कथन अनुसार आत्मा निस्क्रिय छ । पाप र पुण्यका पलले आत्मालाई बिटुल्याउँदैन । सुख र दुःखको अनुभूतिभन्दा आत्मा माथि छ । साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा आदि दर्शनले आत्मालाई अनेक मादन्छन् तर शाङ्कर वेदान्तअनुसार आत्मा एउटै छ । आत्मा नै ब्रह्म हो, ब्रह्म नै आत्मा हो । उपनिषद्को महावाक्य तत्त्व मसि (तत्+त्वम्+असि) अर्थात् त्यो तिमी हौ । त्यो अर्थात ब्रह्म तिमी हौ । यस वाक्यको जोड 'त्यो' अर्थात् ब्रह्ममा रहेको छ किनकि 'तिमी' भाव मेटियोस् मेटाउनु छ । वाक्यको आशय हो-जति 'तिमी' गल्दछौ, मेट्दछौ, उति नै त्यो विराट र प्रखर रूपमा उद्घाटित हुन्छ । 'तिमी' लाई हटाउनै पर्छ, जसले गर्दा 'त्यो' निर्बाध रूपमा फैलियोस् । ध्यान दिने कुरा हो-वास्तविक त्यो नै हो, तिमी केवल उसको छाया/प्रतिविम्ब । त्यो पूर्णिमाको चन्द्रमा हो भने तिमी मात्र त्यसले बनाउने मधुरो छाया (ओशो, २०१०, पृ. १०) । यसरी ब्रह्मवादले ब्रह्मको सम्पूर्णतामा जोड दिन्छ । ब्रह्म नै सबथोक हो, ब्रह्म नै एक मात्र सत्य हो, ब्रह्म नै स्रष्टा र नियन्ता हो भनेर मान्ने दार्शनिक चिन्तन नै ब्रह्मवाद हो (भुसाल, २०६८ ख, पृ ७६) । शाङ्कर वेदान्तका अनुसार ब्रह्मको एक मात्र सत्तालाई मान्नु पारमर्थिक दृष्टिकोण/सत्ता हो । पूर्णज्ञान प्राप्त भएपछि पारमार्थिक ज्ञान स्वतः विकसित हुन्छ । यस्तै जीव, आत्मा, ईश्वर इत्यादिको सबैको अस्तिङ्करमा विश्वास गर्ने व्यावहारिक सत्ता/दृष्टिकोण हो । यो दृष्टिकोण मायायुक्त/भ्रमयुक्त भएकाले निम्नकोटिको मानिन्छ । प्रातिभासिक सत्ता/दृष्टिकोणमा पनि भ्रम र स्वप्नले जितेको हुन्छ । यी दृष्टिकोणलाई पारमार्थिक र व्यावहारिक गरी दुई भागमा बाँड्न सकिन्छ । व्यावहारिक दृष्टिकोणले हेर्दा यो जगत् वास्तविक जस्तो भान परे पनि पारमार्थिक कोणबाट हेर्दा यो जगत् मिथ्या अर्थात् अवास्तविक हो (गिरि, २०५५, पृ. १२९) । उच्चतम ब्रह्म, जो आनन्द हो र ठीक आत्माको स्वरूप पनि हो । उपनिषद्मा ब्रह्मलाई अपर र पर गरी दुई स्वरूपमा वर्णन गरिएको पाइन्छ । अपर ब्रह्म ईश्वर हो र समस्त विश्वको नियन्ता, कर्ता, धर्ता र विभिन्न साकार रूपेण उपास्य हो । परब्रह्म निगुण, निर्विशेष, निर्विकल्प निरूपाधिक, निष्प्रपञ्च, अपरोक्ष अनुभूतिगम्य हुन्छ । सगुण ब्रह्मका तटस्थ र स्वरूपगत दुईवटा लक्षण हुन्छन् भने निर्गुण ब्रह्म केवल मौनानुभूतिगम्य हुन्छ, तर आचार्य शङ्करका अनुसार परमतत्त्व ब्रह्म हो र ऊ निर्विकल्प अद्वैत छ ( उपाध्याय, २०६६, पृ. १२५) । जगत्मा ब्रह्मबोधक अरूको अस्तिङ्कर केवल आभासजन्य मात्र देखिन्छ । यसरी पूर्वीय दर्शनमा ब्रह्मलाई निराकार निरङ, निर्मल आत्माको रूपमा हेरिएको पाइन्छ ।

प्रस्तुत सैद्धान्तिक विमर्शबाट सहयोग लिएर प्रस्तुत लेखमा दार्शनिकता, अस्तित्वबोध र कलात्मकता गरी तीन युक्तिका आधारमा सैद्धान्तिक ढाँचा तयार पारिएको छ । यहाँ यिनै तीन पक्षमा केन्द्रित रही गोविन्दराज विनोदीको 'ब्रह्मबोध' कवितामा अभिव्यक्त विचार, भाव र कला पक्षको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

# नतिजा र विमर्श

गोविन्दराज विनोदीको 'ब्रह्मबोध' कवितामा विम्ब, अलङ्कार, प्रतीकका माध्यमबाट जीवनको दार्शनिक पक्षलाई अभिव्यक्त गरिएको छ । पूर्वीय चिन्तन परम्परामा रहेको अद्वैत चिन्तनको ब्रह्मवादलाई केन्द्रीयतामा यो कविता संरचित छ । कवितामा प्रस्तुत वेदान्त दर्शनलाई दार्शनिकता, अस्मिशङ्करबोध र कलात्मक पक्षलाई केन्द्रमा राखेर बुँदागत विमर्श गरिएको छ र त्यसैका आधारमा निष्कर्षसम्म पुगिएको छ ।

**दार्शनिकता**

गोविन्दराज विनोदीको 'ब्रह्मबोध' कवितामा नियोजित ढङ्गले दर्शनलाई कवितामा उनिएको छ । कविताको शीर्षकमा 'ब्रह्मबोध' लेखिएको भए पनि कविताको भावले बोध घेरा नाघेर वादको आधारभूत मान्यतालाई अङ्गीकार गरेको छ । पूर्वीय दर्शनको आधारभूत मान्यता ब्रह्मलाई चिनाउन कविले आफूलाई 'ब्रह्म' को रूपमा उभ्याएर प्रस्तुत गरेका छन् । उपनिषद्हरूमा ब्रह्मलाई चराचर जगत्को मूल कारण मानिएको छ । सबै वस्तुमा भासित हुने एउटै तत्त्व वा सारतत्त्वलाई 'ब्रह्म' नाम दिइएको छ (गड्तौला, २०७६, पृ. १७४) । ब्रह्मबोधपछि निरङ्ग निराकार, अनासक्त र निर्मल हुने कुरा प्रस्तुत कवितामा उल्लेख छ । कविताको सुरुमै भनिएको छ -

म निरङ्ग, निराकार, निसङ्ग अनि निर्मल
म निःस्पृह र निस्पर्श्य निरन्तर समुज्ज्वल ! (विनोदी, २०६८, पृ. ३)

आत्मा/ब्रह्मलाई बोध गर्न नसक्दा मात्रै समाज भौतिक दुनियाँको पछाडि लाग्छ र रङ्गहरूलाई नै सत्य ठानेर विभिन्न रङहरूको खोजीमा भौतारिरहन्छ भन्ने मान्यता पूर्वीय दर्शनमा छ । रङले वर्ग, जात तथा तडकभडक बुझाउँछ । विभिन्न जातीय भौतिक संसारलाई नै अन्तिम लक्ष्य बनाएर हिँडेपछि मनहरूमा पनि फाटो आउँछ र द्वन्द्वको बीजारोपण हुन्छ । जब कुनै रङ्गप्रतिको आशक्तिले मानिसलाई खिच्दछ, तब मनमा अनेक लोभ, खिचातानीले डेरा जमाउँछ । जब ब्रह्मबोध हुन्छ, त्यतिबेला मानवीय मन कुनै पनि रङ, आकारप्रति आसक्ति र आकर्षण बाँकी रहँदैन । ब्रह्मबोध भएपछि मनमा कुनै रङको अपेक्षा र कामना पूर्ति नभए पनि वा कुनै चम्किलो र रसिलो वस्तुले नछोए पनि सधैँ आनन्दको उज्यालो भइरहन्छ भन्ने भाव कवितामा पोखिएको छ । यो भाव पूर्वीय दर्शनको ब्रह्मवादको आशयसँग मेल खान्छ । यसरी कवि विनोदीले रङ, आकार, आसक्ति, स्पर्श, कामनाबाट पर पुग्दा पनि निरन्तर प्रकाशमयताको अनुभूति हुने अवस्थालाई ब्रह्मको रूपमा लिएका छन्, जो ब्रह्मवादको अवधारणात्मक जगमा आधारित छ । पूर्वीय वाङ्मयका प्रस्थानत्रयी *उपनिषद्, गीता* र *ब्रह्मसूत्र*ले मानेको ब्रह्मको विशेषता पनि यिनै हुन् । गीता दर्शन भन्छ, ज्ञानरहित कर्मले शान्ति मिल्दैन र ज्ञान, भक्ति तथा कर्म तीनओटैको सामञ्जस्यले मानव जीवन सार्थक हुन्छ (शर्मा, २०५६, पृ. ९०) । ज्ञान भनेको उही ब्रह्मबोध हो जसले मानव-जीवनका दुःखका कारकहरूलाई नजिकबाट चिनाउँछ र त्यसबाट मुक्त गराउँछ । बर्कका अनुसार - अभिलाषा घस्रन्छ र अकासिन्छ पनि (शाक्य, २०१५, पृ. १८) । चाहना र अभिलाषाले जीवनका गोरेटोमा पछार्ने र आकाशमा पुऱ्याउने काम गर्दछन् र मान्छेलाई सुख-दुःखको भुमरीमा पार्दछ जहाँबाट उम्किन मुस्किल छ । व्यावहारिक जीवनका दृश्यहरूलाई हेर्ने हो भने धेरै मानिस दुःखबाट मुक्त भएर सुख पाउन चाहन्छन् । दुःख कष्टबाट मुक्ति पाउन खोज्नु स्वाभाविक पनि हो । मोक्ष दर्शनका अनुसार जगत्का सबैथरी कष्टबाट मुक्ति पाउन सकिन्छ । तत्सम्बन्धी शास्त्रहरू यिनै विषयलाई च्यापेर अनेक भेदले मनुष्य लोकमा प्रवृत्त छन् । मानवलाई सुख-शान्ति दिलाउने वा वास्तविक कठोर दुःख हटाउने बाटो ठम्याउने विषयलाई दर्शनशास्त्र भन्दछन् (शर्मा, २०६८, पृ. १२) । ब्रह्मवाद पनि दर्शनशास्त्रको एउटा बलियो हाँगो हो, जसले मानवीय मनलाई दुःखको सागरबाट मुक्त गराउने चेष्टा गर्दछ । चार्वाक् र बौद्ध दर्शनलाई छोडेर बाँकी

सबै भारतीय दर्शनले आत्मालाई एक नित्य चेतन पदार्थ मान्दछन् (सांकृत्यायन, सन् १९४३, पृ. १५०) । विवेच्य कवितामा भनिएको छ -

सुख दुःखहरूबाट सदा निर्बन्ध, मुक्त छ
म अदृश्य र अज्ञेय अगम्य भावयुक्त छ
छु निर्लोभ र मोह, मद मात्सर्यहीन म
सर्वव्याप्त महाकाश ओङ्कारभित्र लीन म ! (पृ. ३)

प्रस्तुत साक्ष्यमा ब्रह्मबोध भएपछि संसारका सारा सुख-दुःखबाट सधैँलाई बन्धनमुक्त हुने, देख्न नसकिने, जान्न बुझ्न नसकिने, व्यावहारिक दुनियाको आँखामा दुर्गम हुने भावमा पुगेको र कुनै पनि प्रकृतिको लोभ, मोह, ईर्ष्याहीन अवस्था रहेको उल्लेख छ । शास्त्र भन्छ, लोभ, मोह, मद मात्सर्यबाट मुक्त भएपछि मानव जीवनको यात्रा सर्वव्याप्त महाकाशको ॐकारतिर हुन्छ । यदि लोभ, मोह बोकेर हिँड्ने हो भने मानव समाज भ्रमको खाडलमा पर्न सक्छ र मायाको चक्रले निल्न पनि सक्छ भन्ने आशयलाई दार्शनिक रङ दिइएको छ ।

**अस्शिङ्करबोध**

ब्रह्मको अस्शिङ्करलाई बोध गर्न सकियो भने यी भ्रमको खाडल र चक्रबाट मुक्त हुन सकिन्छ भन्ने कविताको आशय रहेको छ । कवितामा भनिएको छ :

म जे देखिन्छु त्यो धोका हो दृष्टिको क्रम
डोरी देख्ता अँध्यारोमा भएझैं सर्पको सर्पको भ्रम (पृ. ३)

अँध्यारोमा देखिएको डोरीलाई सर्प ठानेजस्तै सबै प्रकारका भौतिक पदार्थका थुप्रोहरूमा सुख-शान्ति थालिएमा अन्ततः तिनै थुप्रोहरूमा कतै थिचिएर भड्किइन्छ र अतृप्तिले किचिएर तड्पिइन्छ । कवितामा आएको अँध्यारोले अज्ञानतालाई सङ्केत गर्दछ भने डोरीले भ्रम दिने सक्ने सांसारिक वस्तुलाई बुझाउँछ । भौतिक आँखाले देखेको कुरा भ्रमपूर्ण हुन्छ भने आशय पनि कविताले बोकेको छ । सबै अस्शिङ्कर आकारमै रहन्छ भन्ने हुँदैन । आफ्नो आत्मालाई/ब्रह्मलाई नचिन्नु नै ठुलो पाप हो पनि भनिन्छ । शङ्कराचार्यका अनुसार मनुष्यको शारीरिक प्रवृत्तिले उसलाई प्रेमतिर आकर्षित गर्दछ तथा उसको आध्यात्मिक प्रकृतिले श्रेयतिर सङ्केत गर्दछ (शाक्य, २०१५, पृ. ९६) । यस भनाइले के बताउँछ भने भौतिक वस्तुहरूमा न व्यक्तिको कल्याण छ, न समाजको । आध्यात्मिक मार्ग नै उत्तम मार्ग हो अर्थात् ब्रह्मलाई चिनेर अघि बढे मात्र व्यक्ति र समाजको कल्याण हुन्छ । ब्रह्म आफैँमा सिङ्गो आकाश हो, जो बाहिर नभई भित्र विद्यमान हुन्छ । विनोदी आफ्नो कवितामा भन्छन् -

भित्री आकाश फुट्दैन घडा प्याट्ट फुटोस् तर
म त्यै आकाश झै नित्य छु अभेद्य अनन्तर (पृ. ३) ।

प्रस्तुत पङ्क्तिले शरीर बिग्रेर गए पनि ब्रह्मले आफ्नो सत् गुमाउँदैन भन्ने अस्शिङ्करबोधलाई चित्रण गरेको छ । घडा फुटे पनि घडाभित्रको आकाश नित्य भएकै ब्रह्मको अस्शिङ्कर नित्य हुन्छ । बरु त्यो नित्य आकाशले नयाँ-नयाँ घडा फेर्न सक्छ, तर घडासँगै आफ्नो अस्शिङ्करलाई विलीन हुन दिँदैन । मानव जीवनमा पनि त्यही नित्य ब्रह्मको खास अस्शिङ्करलाई बोध गर्न सकियो भने शरीररूपी घडा फुटेकोमा शोक/चिन्ता गर्नुपर्ने अवस्था पनि आउँदैन ।

कविताको अन्तिम श्लोकमा भनिएको छ -

हजारौं कूपमा हेर्दा हजारौं सूर्यविम्ब छन्
तर सूर्य भने यौटे, त्यो ममा भासमान छन्
त्यस्तै म छ करोडौंमा आत्मारूप विराजित
तर थोरै परब्रह्म सच्चिदानन्द भासित ।

यस पृथ्वीमा हजारौं/लाखौं ताल, कुवा, इनार हुन सक्छ, ती प्रत्येक कुवाहरूमा सूर्यको एउटा आकारयुक्त विम्ब बन्दछन् । जसरी सूर्य एउटै भए पनि हजारौं कुवामा हजारौँ सूर्य विम्ब देखिन्छ, ठीक त्यसरी नै परब्रह्म एउटै सच्चिदानन्दमा उद्भाषित भए पनि ब्रह्म करोडौँ आत्माका रूपमा सुशोभित हुन्छन् । हरेक नदीमा बग्ने पानीको गन्तव्य महासागर भएजस्तै हरेक ब्रह्मको गन्तव्य परब्रह्म हो । मानव समाजको अन्तिम गन्तव्य परब्रह्म प्राप्ति हुनुपर्ने हो, जो परम सत्य छ, तर गन्तव्यहीन यात्रीझैं भौतारिएको मानव-समाज ब्रह्मको अस्शिङ्करलाई नबुझेर स-साना कुवा/इनारको फोहोर पानीलाई नै महासागर ठानेर पौडिरहेको पाइन्छ । ब्रह्मवादको आशय हो, ती साँघुरो फोहोर कुवा र दहहरूबाट निक्लेर नदी हुँदै महासागर पुग्नुमा नै मानवीय आत्मिक सुख छ । परब्रह्मरूपी महासागरमा मान्छेले पौडन जानेमा त्यहाँ उसले सच्चिदानन्द प्राप्त गर्न सक्छ अर्थात् भट्किरहेको मान्छेले परब्रह्मसँगको साक्षात्कारपश्चात् सत्य, चेतना र आनन्दको त्रिवेणीलाई एकसाथ ग्रहण गर्न सक्दछ, तर पहिले त उसले ईर्ष्याहीन, निराकार ब्रह्मको वास्तविकतालाई बोध गर्न सक्नु पर्दछ भन्ने आशय प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

**कलात्मकता**

कुनै पनि कविताले अभिव्यक्त गर्न खोजेको भाव वा दर्शनलाई कविताको कलाले प्रभावपूर्ण बनाउँछ । 'ब्रह्मबोध' कविता दार्शनिक पक्षका दृष्टिले मात्र महत्त्वपूर्ण नभएर कलाका कोणबाट पनि विश्लेषणीय छ ।

दार्शनिक भावाभिव्यक्तिका निम्ति कवितामा उपयुक्त शब्दचयन गरिएको छ । तिनले विषयको गाम्भीर्यलाई बोकेका मात्र छैनन्, कवितालाई श्रुतिमधुर पनि बनाएका छन् । ब्रह्मको स्वरूपलाई कलात्मक अभिव्यक्ति दिन उपमा अलङ्कारको प्रयोग गरिएको छ । यस्तै शब्दालङ्कार र अर्थालङ्कारको समुचित प्रयोग कविताभरि पाइन्छ । गति, यति, लयका निम्ति प्रस्तुत कवितामा आठ अक्षरको एक पाउ हुने र सोह्र अक्षरको एक हरफ हुने अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । निश्चित ठाउँमा ह्रस्व वा दीर्घको निर्धारित वर्णको प्रयोग गर्नु नै अनुष्टुप् छन्दको विशेषता भएकाले अरू वार्णिक छन्दमा जस्तो यसमा गण व्यवस्था हुदैन । व्यञ्जन वर्णहरू दोहोरिएकाले छेकानुप्रास र हरफको अन्त्यानुप्रासको प्रयोगका कारण कविताको लयात्मकता बलियो भएको छ । दुई हरफको एक पङ्क्ति र चार-चार हरफको तीन पङ्क्ति गरी जम्मा चार पङ्क्तिमा संरचित प्रस्तुत कवितामा उपमा र अलङ्कारको संयोजन प्रभावकारी ढङ्गले गरिएको छ । दर्शन दर्शनका लागि शास्त्रीय छन्दको बाटो चयन गरिएकाले पनि कला र भावबिचको संयोजन सही रहेको देखिन्छ । हरेक हरफमा ब्रह्मवादी दार्शनिक चिन्तनलाई खाँदिएको छ । कवितामा प्रयुक्त विम्ब, प्रतीक र अलङ्कारको सन्तुलित प्रयोगले कविता अर्थपूर्ण भएको छ । कवि गोविन्दराज विनोदीले कवितामार्फत पूर्वीय दार्शनिक परम्पराको बलियो चिन्तन ब्रह्मवाद पाठकसामु सशक्त ढङ्गले प्रक्षेपण गरेका छन्, क्लिष्ट शब्दहरूको आवृत्तिले कविताले बौद्धिक पाठकको अपेक्षा गर्दछ । जीवन र जगतको अस्शिङ्करको को दार्शनिक बहस भएका कारण कविताको कलापक्ष मुलायम नभई बुद्धिवादी भएको छ । दर्शन बक्ने र पण्डित्याइँ छाँट्ने अतिशय मोहका कारण कविता 'ब्रह्मबोध' हाडेओखर भएको छ, जो आमपाठकका लागि कडा देखा पर्दछ ।

**५. निष्कर्ष**

प्रस्तुत अध्ययनमा गोविन्दराज विनोदीको 'ब्रह्मबोध' कवितामा विम्ब, प्रतीक, अलङ्कारको माध्यमबाट अभिव्यक्त दार्शनिकता, अस्शिङ्करबोध र कलात्मकताको विश्लेषण र मूल्याङ्कन भएको छ । सभ्यताको विकाससँगै शरीर र आत्मासँग सम्बन्धी दार्शनिक जिज्ञासालाई शान्त पार्न विविध पौरस्य दर्शनका विभिन्न सम्प्रदायले अगाडि बढाएका आआफ्ना चिन्तनधारामध्ये वेदान्त दर्शन यस्तो दर्शन हो जसले आत्मालाई सर्वोपरि मानिएको छ । ब्रह्मवादी चिन्तनहरूमध्ये पनि शङ्कराचार्यको अद्वैतवादी चिन्तनलाई महत्त्वपूर्ण मान्दछ । आत्मा नै ब्रह्म हो र ब्रह्म नै आत्मा हो भन्ने सैद्धान्तिक अवधारणा नै

ब्रह्मवादी दर्शनको मुख्य पक्ष हो । कवि गोविन्दराज विनादीको ब्रह्मबोध कवितामा पनि ब्रह्मवादी चिन्तनलाई प्रकाश पारिएको छ । अनुष्टुप् छन्दमा रचित प्रस्तुत कवितामा ब्रह्मबोध भइसकेपछि कुनै पनि सुख र दुःखको भुमरीबाट मुक्त लोभ र लाभका घेराबाट स्वतन्त्र र निर्मल अवस्थाको महसुस हुने कुरालाई व्यक्त गरिएको छ । भौतिक संसारमा भ्रमपूर्ण वस्तुको बिगबिगी छ, तर आत्माको यथार्थ रूपलाई पहिचान गरिसकेपछि ती सारा भ्रमको जालोबाट पनि मुक्ति पाइने आशय व्यक्त गरिएको छ । सूर्य एउटै भए पनि हजारौं कुवामा हजारौं सूर्य विम्बहरू देखिएझैं परब्रह्म सत्य, आनन्द चेतनाको संगममा रहे पनि करोडौं आत्मामा विभाजित देखिन्छ । आत्मा सम्पूर्ण भौतिक तत्त्वहरूको मोहबाट मुक्त भएपछि परब्रह्ममा लीन हुन्छन् । यिनै ब्रह्मवादी चिन्तनलाई कवि गोविन्दराज विनोदीले नियोजित ढङ्गले कविताका पंक्तिहरूमा मिलाएर राखेका छन् । तत्सम शब्दहरूका प्रयोग आधिक्यले कविता बौद्धिक बन्न पुगेको छ । ब्रह्मवादी चिन्तनको सार बुझ्नका लागि यो छोटो कविताको सार्थक उपस्थिति रहनेछ भन्ने कुरा प्रस्ट छ । छोटो भए पनि अर्थगहनताका दृष्टिले कविता निकै महत्त्वपूर्ण देखिन्छ । विम्ब, अलङ्कार र प्रतीकको सन्तुलित प्रयोगले कविता बढी मननीय देखिन्छ । नेपाली बौद्धिक र दार्शनिक कविता-परम्परामा कवि गोविन्दराज विनोदीको यो ‘ब्रह्मबोध’ कविता उल्लेखनीय प्राप्ति हो ।

ब्रह्मबोध कविताको पूर्ण पाठ :

म निरङ्ग, निराकार, निरसङ्ग अनि निर्मल
म निःस्पृह र निस्पर्श्य निरन्तर समुज्ज्वल !
सुख र दुःखहरूबाट सदा निर्बन्ध, मुक्त छु
म अदृश्य र अज्ञेय अगम्य भावयुक्त छु
छु निर्लोभ र निर्मोह, मद-मात्सर्यहीन म
सर्वव्याप्त महाकाश ओङ्कारभित्र लीन म !
म जे देखिन्छु त्यो यौटे धोका हो दृष्टिको क्रम
डोरी देख्ता अँध्यारोमा भएझैं सर्पको भ्रम
भित्री आकाश फुट्दैन घडा प्याट्ट फुटोस् तर
म त्यै आकाशझैं नित्य छु अभेद्य अनन्तर !
हजारौं कूपमा हेर्दा हजारौँ सूर्यविम्ब छन्
तर सूर्य भने यौटे, व्योममा भासमान छन्
त्यस्तै म छु करोडौंमा आत्मारूप विराजित
तर ओङ्कार परब्रह्म सच्चिदानन्द भासित ।

## सन्दर्भ सामग्रीसूची

अर्याल, केशवशरण (२०७०). वैशेषिक दर्शनाभिमत सामान्य पदार्थः एक दृष्टि, *दर्शन-दृष्टि,* २(२), पृ. ३३-३८ ।

उपाध्याय, गोविन्दशरण (२०६६). *आर्य दर्शन.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, मुकुन्दप्रसाद (२०७०). ‘आस्तिक भावका तीन गुण’, *दर्शन-दृष्टि,* २ (२), पृ. ३९-४२ ।

ओशो, (सन् २०१०). *उपनिषद्-शून्यसंवाद.* नयाँ दिल्लीः डायमंड पाकेट बुक्स प्रा.लि. ।

गड्तौला, नारायण (२०७६). ‘पूर्वीय दर्शनमा तत्त्वमीमांसा’. *प्रज्ञा,* २ (११८), पृ. १६८-१७७ ।

गिरि, रामानन्द (२०५५). *जनक दर्शन* (अनु. रामहरि तिमल्सिना). भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

ज्ञवाली, वेदराज (२०६८). ‘शून्यवाद र ब्रह्मवादको सङ्क्षिप्त अध्ययन’, *दर्शनावली,* विष्णु प्रभात (सम्पा.), काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.३२४-३२९ ।

पन्त, अर्जुनदेव (२०६२). *वेदान्त-दर्शनसार.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्ट, विद्यानाथ उपाध्याय (२०६८). 'शैव-शाक्त तन्त्रदर्शनका प्रमुख मान्यता'. *दर्शनावली,* विष्णु प्रभात (सम्पा.), काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २३५-२४८ ।

भुसाल, वेदुराम (२०६८ क). 'दर्शनशास्त्रको परिचय'. *दर्शनावली,* विष्णु प्रभात (सम्पा.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. ११-२३ ।

भुसाल, वेदराम (२०६८ ख). *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

महाराज, चन्द्रेशजी (२०६९). 'आधुनिक विश्व र अद्वैतवाद'. *दर्शन-दृष्टि,* १(२), पृ. ४४-४५ ।

राधाकृष्णन् (सन् २०१०). *भारतीय दर्शन 1.* दिल्ली : राजपाल एण्ड सन्स ।

विनोदी, गोविन्दराज (२०६८). 'ब्रह्मबोध'. *चरैवेति,* २(४), पृ. ३ ।

शर्मा, गोपीकृष्ण (२०५६). *संस्कृत साहित्यको रूपरेखा.* काठमाडौं : अभिनव प्रकाशन ।

शर्मा, वसन्तकुमार (२०६८). 'दर्शन-दृष्टिकोण र सारांश (एक)'. *दर्शन-दृष्टि,* १ (१), पृ. १२-१३ ।

शर्मा अभय तथा गुरागाई, रविप्रसाद (२०६९). *नेपालका दार्शनिकहरू.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शाक्य, सरोजकुमार (२०१५). *ज्ञान-दर्शन.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

सांकृत्यायन, राहुल (सन् १९४३). *बौद्ध दर्शन,* नई दिल्ली : किताब महल ।

सिंह, समिर (२०६८). 'नेपाली समाजमा दर्शनको प्रयोग'. *दर्शनावली* . विष्णु प्रभात (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २४-४३ ।

सिन्हा, हरेन्द्रप्रसाद (सन् २०१२). *भारतीय दर्शनकी रूपरेखा* (प्रथम संस्क. सन् १९६३). दिल्ली : मोतीलाल बनारसीदास ।